

तिलोत्तमा बहु-उद्देश्यीय टावर सञ्चालन सम्बन्धी बोलपत्र आह्वानको सूचना

सूचना प्रकाशन मिति २०८३/०६/०४

यस नगरपालिकाकोवडा नं. २, बनबाटिकामा निर्माण भएको देहाय बमोजिमको तिलोत्तमा बहु-उद्देश्यीय टावर (भ्यू टावर) सञ्चालन सम्बन्धी कार्य आय ठेक्का बन्दोबस्ती प्रकृयाद्वारा निजिक्षेत्र मार्फत गराउन तिलोत्तमा नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७६ को परिच्छेद १२ आय ठेक्का बन्दोबस्त सम्बन्धी व्यवस्था बमोजिम ठेक्का बन्दोबस्त गर्नु परेकोले ईजाजत प्राप्त ईच्छुक फर्म वा कम्पनीलाई बोलपत्र सम्बन्धी प्रकृयामा सहभागि हुन आव्हान गरिन्छ ।


१ ठेक्का सम्बन्धी विवरण

सूचना नं.	कामको विवरण	ठेक्का अवधि	वार्षिक न्युनतम अंक (कर वाहेक.अ.मू)	बोलपत्र जमानत रु.	बोलपत्र दस्तूर रु.
आय ०७/२०८३/८४	तिलोत्तमा बहुउद्देश्यीय टावर ठेक्कामा (टावर-भ्यू) सञ्चालन गर्ने कार्य।	१५ (पन्ध्र) वर्ष	३९,५०,०००/- (उन्चालिस लाख पचास हजार मात्र)	मूल्य अभिवृद्धि कर बाहेकको कबोल रकमको पाँच प्रतिशतले हुन आउने रकम ।	३०००/-

२ ठेक्का सम्बन्धि शर्तहरु

१ सम्बन्धित निकायमा प्रा.लि. वा एकल वा साझेदारी फर्म दर्ता भई प्रचलित कानुन बमोजिम नवीकरण गर्नुपर्ने भएमा सम्बन्धित निकायबाट नवीकरण समेत भएका प्रा.लि. वा फर्मले यो सूचना प्रकाशन भएको मितिले ३० औं दिन (उक्त मितिमा बिदा पर्न गएकोले बिदा समाप्त भएपछि) अर्थात २०८३ कार्तिक ९ गते सोमबार कार्यालय समयभित्र तिलोत्तमा नगरपालिका कार्यालयको राजस्व शाखाबाट बोलपत्र सम्बन्धी कागजात प्राप्त गर्न सक्नेछन् ।

२ बोलपत्रदाताले बोलपत्रको परिमाण विवरण (BOQ) फाराममा आँफुले बुझाउन कबोल गरेको रकम अंक र अक्षर दुवैमा उल्लेख गरी बोलपत्र फारामसाथ आफ्नो प्रा.लि. वा फर्म दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व.२०८१/८२ को करचुक्ता प्रमाणपत्र र बोलपत्र सम्बन्धी कागजात वापतको रकम NIC ASIA बैंकमा रहेको तिलोत्तमा नगरपालिका कार्यालयको राजश्व खाता नं. 1052055499599012 मा ठेक्का नं. र बोलपत्रदाताको नाम समेत उल्लेख गरि तोकिए बमोजिमको दस्तूर दाखिला गरेको बैक भौचर वा कार्यालयको राजस्व शाखामा दस्तूर दाखिला गरेको नगदी रसीद र आफुले कबोल गरेको रकमको ५% ले हुन आउने धरौटी रकम NIC ASIA बैंकमा कार्यालयको नाममा रहेको धरौटी खाता नं. A5CA549959952403 मा जम्मा गरी सोको बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी कम्तिमा १२० दिनको म्याद सहित जारी गरिएको बिडबण्ड समेत संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले ३१औं दिन औं दिन (उक्त मितिमा बिदा पर्न गएकोले बिदा समाप्त भएपछि) अर्थात २०८३ कार्तिक १० गते मंगलबार दिनको १२.०० बजे भित्र तिलोत्तमा नगरपालिकाको कार्यालय, मणिग्राम रुपन्देहीमा दर्ता गर्नुपर्नेछ ।



३ रीतपूर्वक दर्ता हुन आएका बोलपत्रहरु दाखिला भएको दिन अर्थात २०८३ कार्तिक १० गते मंगलबार अपरान्ह २.०० बजे सम्बन्धित बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्नेछैन ।

४ प्रि-बिड बैठक यो सूचना प्रकाशित मितिले २०औँ दिन अर्थात २०८३ असोज २३ गते शुक्रबार अपरान्ह २.०० बजे तिलोत्तमा नगरपालिकाको कार्यालयमा बस्नेछ । ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा सहभागि भई यस सम्बन्धमा विस्तृत जानकारी लिन सक्नेछन् । उक्त दिन विदा परेमा उक्त बैठक सोको भोलिपल्ट सोही समयमा हुनेछ ।

५ रीत नपुगी वा शर्त सहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुनेछैन । साथै बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

६ यसमा समावेस विषय यसै बमोजिम र नभएका अन्य विषयहरु बोलपत्र सम्बन्धी कागजातहरु अन्तर्गत ठेक्का सञ्चालन सम्बन्धी शर्तहरु तथा प्रचलित अन्य कानुन बमोजिम हुनेछन् ।